म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१६ अङ्क:- १ २०८१ मंसिर १ गते शनिबार 16 November 2024, Saturday - पृष्ठ ४ मूल्य रू. ५/-

## चोरीका गहनासहित २ जना पक्राउ

हेटौंडाः मकवानपुर प्रहरीले सुनका गहना चोरी गर्ने दुईजनालाई पक्राउ गरी सार्वजनिक गरेको छ। पक्राउ पर्नेमा हेटौंडा-१५ घर भई हाल हेटौंडा-४, भैरवरोडमा डेरा गरी बस्ने २४ वर्षीय मनोज पुलामी र चोरीका गहना खरिद गर्ने हेटौंडा-७ नागस्वतीस्थित शिवशक्ति सुनचाँदी पसलका संचालक २५ वर्षीय धीरज विश्वकर्मा छन्। पुलामीले हेटौंडा-८, कमानेका सन्तोष अधिकारीको घरबाट गत कात्तिक ७ गते सुनका गहना, नगद र मोबाईल चोरी गरेका थिए।

पुलामीलाई सोधपुछ गर्दा चोरीका केही थान गहना शिवशक्ति सुनचाँदी पसलका संचालक विश्वकर्मालाई बिक्री गरेको खुलेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता डिएसपी श्यामु अर्यालले जानकारी दिनुभयो। उनीहरुलाई चोरीका गरगहनासहित बिहीबार पक्राउ गरी मकवानपुर जिल्ला अदालतबाट ७ दिनको म्याद लिई थप अनुसन्धान भइरहेको प्रवक्ता अर्यालले जानकारी दिनुभएको छ।

## प्रकाशकीय

# अझै संकट छ

समृद्ध समाज राष्ट्रिय दैनिक प्रकाशनको १५ वर्ष पूरा भएर आजबाट १६ औं वर्षमा प्रवेश गरेको छ । १५ दिनअघि जस्तो लाग्छ समृद्ध समाज प्रकाशन आरम्भ भएको तर, कति छिट्टै १५ वर्ष पूरा भइसके छ । गणतन्त्र स्थापनाको उत्साहमा हामीले दैनिक समाचारपत्र प्रकाशन गरेका थियौं । सहरोन्मुख हेटौँडामा दैनिक समाचारपत्र प्रकाशनको योजना बनाउनु सामान्य विषय थिएन । गणतन्त्र स्थापनापछि जिल्लामा ब्यावसायिक पत्रकारिताको अभ्यास गर्नु र जिल्लामा सञ्चालनमा रहेका सञ्चार माध्यमको प्रतिस्पर्धी समाचारपत्रको रुपमा स्थापित हुने लक्ष्यसहित समृद्ध समाज राष्ट्रिय दैनिक प्रकाशनको परिकल्पना गरिएको थियो । १५ वर्षको अनुभवबाट हामीले धेरै कुरा सिकेका छौं, बुझेका छौं ।

यतिबेला नेपालमा लोकतान्त्रिक गणतन्त्रको चरम दुरुपयोग भइरहेको छ । जसको असर सञ्चार माध्यममा पनि स्पष्ट देख्न सकिन्छ । लोकतान्त्रिक गणतन्त्रमा सत्तारुढ, प्रतिपक्षी दल र सरकारको सघन निगरानी गर्दै सचेत गराउनुपर्ने सञ्चारकर्मी नै सत्तारुढ दलको नजिक रहँदै सरकारको सञ्चार सल्लाहकार, सञ्चार संयोजकको जागिर खान प्रेरित देखिनु चिन्ताको विषय हो । आर्थिक लाभको लोभमा पत्रकारिताको सशक्त भूमिकालाई भुत्ते बनाइदिएको छ । हिजो पत्रकारलाई प्रलोभन देखायो भन्दा समाचार बन्ने अवस्था थियो भने आज पत्रकार आफैं लोभको सुगन्ध छर्दै सरकार र समाजका हरेक क्षेत्रमा सक्रिय छ ।

पत्रकार भन्ने सुन्दै तर्सने बद्मास समाज आज पत्रकारलाई नगद, जिन्सी जे अनुकुल हुन्छ त्यसैमा सम्झौता गरिरहेको छ । कोभिड-१९ को महामारी यता समाजको हरेक क्षेत्र असाध्यै कमजोर बन्दै गएको छ । मूलतः देश छाड्ने नागरिकको यकिन संख्या निकाल्न सकिने अवस्था छैन । मुलुकमा चरम संकट छ । चरम संकटलाई बुझ्ने र ब्यवस्थापन गर्नेतर्फ जिम्मेवार तहमा बसेकाहरु चाहँदै चाहँदैनन्, अर्कोतिर चाहेर पनि उनीहरु अहिलेको मुलुक र समाजको संकटलाई ब्यवस्थापन गर्ने क्षमता तिनमा छैन ।

हामी समृद्ध समाज राष्ट्रिय दैनिकमार्फत समाजको चरित्र, प्रवृत्ति र परिस्थितिलाई जस्ताको त्यस्तै प्रस्तुत गर्ने प्रयास गरिरहेका छौं । आज यो समाजमा यथार्थ प्रस्तुत गर्ने हामी मात्रै एक्लै भयौं कि भनेर पनि बेला बेलामा समीक्षा गर्ने गरेका छौं । तर, अन्तिम समयसम्म पनि आफ्नो धर्म छाड्नुहुन्न भन्नेमा हामी विश्वस्त छौं । यतिबेला सिंगो समाज वर्तमान चरम बेथिति देखेर दिक्दार भएका छन् । अब केही समयमै समाजमा हरेकले सत्य बोल्नुको विकल्प देख्ने छैनन् । ब्यक्तिगत र सीमित वर्गको स्वार्थले आम नागरिकविरुद्ध भइरहेका गलत क्रियाकलापविरुद्ध सशक्त प्रतिवाद छिट्टै हुनेछ । यस्तो परिस्थितिले जिम्मेवार, चरित्रवान र सक्षमलाई जिम्मेवारीमा पुऱ्याउनेछ । यही विश्वासका साथ आजको यत्तिको संकटको समयमा पनि हामी हाम्रो धर्मलाई मनन् गर्न दृढ छौं । हामी आम नागरिकबाट दल, बल या यस्तै केही बहानामा सत्यको पक्षमा उभिन र समाजलाई सचेत गराउन हामी पछि हट्दैनौं ।

जिम्मेवार पत्रकारिताको अभ्यासका लागि हामीलाई घचघच्याउने वर्गप्रति निरन्तर आभारी रहनेछौं । हामीलाई पढेर बुझ्नुहुने, हामीलाई अझ सशक्त हुन प्रेरित गर्नुहुने सबैप्रति आभार ब्यक्त गर्दछौं । आगामी दिनमा पनि तपाइँको साथ, सहयोग र स्नेह हाम्रा लागि पृष्ठपोषक हुनेछ ।

# समृद्ध समाजलाई समृद्धिको शुभकामना !



**राजकुमार लामिछाने हेटौंडा- ४**

हेटौँडाबाट प्रकाशन हुँदै आएको समृद्ध समाज राष्ट्रिय दैनिकको १५ औं वार्षिकोत्सवको अवसरमा सम्पादक सुरेश श्रेष्ठ सरले हार्दिकताका साथ प्रेषित गर्नु भएको निमन्त्रणा विद्युतीय सञ्जालको मार्ग हुँदै मेरो म्यासेन्जरको इनबक्समा आएर सकुसल अवतरण भयो । हत्तनपत्त अक्षररूपी यात्रीहरूतर्फ आँखा दौडाएँ । पढ्दा असाध्यै खुशी लाग्यो । हिजोमात्र हेटौँडामा जन्मिएको जस्तो लाग्ने समृद्ध समाज हेर्दाहेर्दै पन्ध्रौं वर्षको लक्का जवान भएको र असाध्यै लोकप्रिय काम गर्दै गएकोमा हर्षले मन झुसी भयो ।

म आफू पनि हास्यव्यङ्ग्यका सिर्जनाहरू कोर्ने र समृद्ध समाजमा पोष्ट गर्ने भएकोले सुरूका दिनदेखिनै समृद्ध समाज राष्ट्रिय दैनिकसँग निकट भएको हुँ । बिहान जुरुक्क उठेर गेट खोल्ने बितिक्कै पहिलो भेट समृद्ध समाजसँग हुने गर्दछ । शुभ प्रभातमा चियाको घुड्कोसँगै मन भुलाउने र पत्रिकामा आँखा डुलाउने बानी नै परिसकेको छ । जहाँ भेट्दा पनि सुरेश श्रेष्ठ सरले साहित्य सिर्जनातर्फ दिनुहुने हौसला, उर्जा र प्रेरणा सम्झिरहन्छु र यहाँ पनि साहित्यतर्फका केही प्रसङ्गहरू कोट्याउन चाहन्छु ।

मकवानपुरमा धेरै साहित्यिक संघ संस्थाहरू रहेका छन् । हरेक संस्थाका नियमित कार्यक्रमहरु भइरहन्छन् । प्रत्येक कार्यक्रममा सकभर सुरेश सर आफैं उपस्थित हुने, उहाँले नभ्याउने अवस्थामा समृद्ध समाजको प्रतिनिधिको उपस्थिति रहेको हुन्छ । ती कार्यक्रमहरुको बारेमा एवम् साहित्यिक गतिविधिहरूका बारेमा आम जनसमुदायमा समाचार सम्प्रेषण गरी मकवानपुरे साहित्यको उन्नयनमा समृद्ध समाज राष्ट्रिय दैनिकले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ ।

त्यसैगरी विभिन्न साहित्यकारहरू एवम् नवसर्जक भाइबहिनीहरूका कार्टुन, कविता, गजल, मुक्तक आदि विविध सिर्जनाहरूलाई शनिबारे या बुधबारे अंकमा स्तम्भको रूपमा स्थान दिएर साहित्यप्रति आकर्षित गर्ने र साहित्यका बेर्ना उमार्ने कार्यमा पनि समृद्ध समाज राष्ट्रिय दैनिकको अहम् भूमिका रहेको छ ।

यसका अतिरिक्त समाजमा हुने गरेका विविध घटनाहरू, पीडितका आवाज, राजनीति, सामाजिक, शैक्षिक, आर्थिक, धार्मिक एवम् राज्यका विविध क्षेत्रमा देखिएका विकृतिहरू र सुधारका पक्षहरूमा समृद्ध समाजले सशक्त रूपमा आवाज उठाउँदै आएको छ । यसरी समृद्ध समाजले समाजमा राम्रो छाप छोड्दै र हरेक क्षेत्रका समाचारहरूलाई समेट्दै गएको कारण नै सबैको लोकप्रिय बन्दै आजको अवस्थामा आइपुग्न सफल भएको हो । १५ औं वार्षिकोत्सवको अवसरमा अझ लोकप्रियता बढ्दै र सफलताको शिखर चढ्दै जाओस् भनी सम्पादक सुरेश श्रेष्ठ सर एवम् समृद्ध समाज राष्ट्रिय दैनिक परिवारलाई हार्दिक बधाई एवम् शुभकामना व्यक्त गर्दछु ।

# पत्रकारिताको 'असल 'अभ्यासको डेढ दशक

डेढ दशक लामो पत्रकारिताको इतिहास बोकेको समृद्ध समाज राष्ट्रिय दैनिकको हेटौँडामा आफ्नो अलग्गै विरासत छ । यसले स्वतन्त्र र निष्पक्ष पत्रकारितामार्फत समाजको हरेक विषय उठान गरेको मात्रै नभई सरोकारवाला निकायलाई जिम्मेवारी बोध गराउन समेत सफल छ। यस अर्थमा पनि म व्यक्तिगत रुपमा समृद्ध समाजसँग जोडिन पाउँदा हर्षित छु। म अहिले जुन अवस्थामा छु, त्यसमा समृद्ध समाजको योगदान अतुलनीय छ भनेर भन्न पाउँदा गौरवान्वित महसुस हुन्छ ।

दैनिक रुपमा नियमित समाचारपत्र प्रकाशन आफैंमा चुनौतीपूर्ण छ। मोफसलमा रहेर डेढ दशकसम्म अविछिन्न रुपमा आम नागरिकलाई सुसुचित गराउँदै जिम्मेवार नागरिक बनाउने प्रयासमा पनि यसको भूमिका सकारात्मक नै छ। मकवानपुर जिल्लामा मात्र नभई राष्ट्रिय सञ्चार माध्यममा पनि अहिले सञ्चार अभ्यास गर्ने धेरै पत्रकारहरु जन्माउन पनि यसको भूमिका महत्वपूर्ण छ ।



**प्रमोद अर्याल**

आमसञ्चार माध्यमको धर्म नै रचनात्मक प्रतिपक्षी हो। देश संघीयतामा प्रवेश गरेको केही वर्षपछि सुरुवात भएको समृद्ध समाजले यसको असल अभ्यासको सँधै वकालत गरिरहेको छ । स्थानीय सरकारलाई विशेषगरी सचेत र जागरुक बनाउन यसको भूमिका स्पष्ट रुपमा देखिन्छ। प्रतिपक्षी धर्ममा खरो उत्रिएको छ। पत्रकारिताका विभिन्न आयामहरुमा यसले आफ्नो उपस्थिति दरिलो बनाउँदै लगेको कुरामा कसैको दुईमत नहोला ।

यतिबेला दैनिक समाचारपत्र आफ्नै उपस्थिति प्रमाणित गर्नुपर्ने र आफूलाई दीगो रुपमा टिकाई राख्नु पर्ने दोहोरो चुनौतिमा छ । संख्यात्मक रुपमा बढेको सञ्चार माध्यमहरु, सूचना प्रविधिको बढ्दो उपयोगका कारण देखिएका चुनौतिहरु, सूचना प्रविधिमा सहज पहूँच, सामाजिक सञ्जाल नै सूचनाको स्रोत र माध्यम बनिरहेको अवस्थामा दैनिकरुपमा प्रकाशित समाचारपत्रको महत्वमाथि प्रश्न उठेको पक्कै हो । यसका साथै आर्थिक रुपमा संकटको सामना गर्नु परेको अवस्थाबाट मोफसलका सञ्चारमाध्यमहरु सबैभन्दा बढी मारमा परेका छन् । विशेषगरी कोरोनाकालपछि सबैभन्दा बढी मारमा परेको तर समाधानका लागि कसैको दृष्टि नपरेको क्षेत्र सञ्चार क्षेत्र हो, खासगरी मोफसलमा । यो संकटबीच पनि सूचना प्रवाह गर्दै आम नागरिकलाई सुसूचित गरी जागरुक बनाउन र सरोकारवालाहरुलाई जिम्मेवारी बोध गराउन समृद्ध समाज चुकेको छैन । यही नै यसको वास्तविक सफलता हो । समाचारपत्रको महत्वमाथि प्रश्न उठ्दै गर्दा समृद्ध समाज दैनिकको गुणस्तरीय सामग्रीसहितको नियमित प्रकाशन नै दरिलो जवाफ हो ।

अस्वभाविक आलोचना र नकारात्मकताको बढ्दो सामग्रीहरुकै बीच समाजमा सकारात्मक समाचारको पनि राम्रो उपस्थिति समृद्ध समाजले देखाएको छ । पछिल्लो समय पठन संस्कृतिको विकासमा समृद्ध समाजको भूमिका अग्रणी देखिएको छ । विद्यालय तहमा समाचारपत्र पठन हुनु पर्छ भन्ने मान्यताले समृद्धले काम गरिरहेको छ तथापी विद्यालयहरुको चासो भने यतातर्फ नदेखिएको हो कि भन्ने लाग्छ ।

समाजको सबै तप्कामा अझै पनि पहूँच पुग्न त सकेको छैन तर नवीन र उर्जाशील पुस्ता निर्माणमा भने यसको भूमिका अग्रणी देखिन्छ। डेढ दशक लामो असल अभ्यासकै बलमा यसले समाजमा आफ्नो भूमिकालाई अझै फैलाउन सकेको छ । पत्रकारिताको असल अभ्यासकै निरन्तरताको कामनासहित समृद्ध समाज राष्ट्रिय दैनिकलाई धेरै शुभकामना ।



# समृद्ध समाजको 'असल यात्रा



**सुवास खनाल**

अहिलेको समयलाई सूचना तथा सञ्चारको युग भन्ने गरिएको छ। प्राचीन समयमा जोसँग बढी गाईवस्तु छन् उनीहरु धनी हुने अवस्था थियो। त्यसपछि जोसँग बढी जमिन छ, ऊ धनी हुने समय भयो। त्यसपछिको युगमा मुद्रा विनिमयको समय भएपछि रुपैयाँ, पैसा र सुन हुने धनी भए। अहिलेको समयमा रुपैयाँ पैसा र सुनले मात्रै मानिस धनी हुन्छ कि हुँदैन, यो छलफलको विषय हो। अहिले जोसँग सूचना छ, ऊ अघि हुने समय बनेको छ। त्यसकारण सूचना तथा सञ्चार प्रविधिको व्यापकता अहिलेको समयमा नकार्न सकिन्न।

'केवल परमेश्वरले मेरो हृदयमा राख्नुभएको सन्देशलाई अर्को रूपमा प्राप्त गर्न चाहन्थैं, किनकि मलाई थाहा थियो कि छापा मिडिया मानिसहरुको फरक समूहमा पुग्नेछ।' ज्वेल अस्टिनको यो भनाइले छापा मिडियाको महत्वलाई दर्शाउँछ। समाचार पत्रले चाहे भने मानिसहरूलाई दिगभ्रमित समेत बनाउन सक्छन्। तर यसले जनसाधारणका आवाज उठाउन प्रयत्न गर्ने हो भने समय परिवर्तनमा यसको निकै ठूलो भूमिका हुने गर्दछ। सन्दर्भ जोड्न खोजेको 'समृद्ध समाज राष्ट्रिय दैनिक' जुन हेटौंडाबाट प्रकाशित हुन्छ, यसको १५ औं वार्षिकोत्सव रहेको छ। विभिन्न आरोह अवरोहहरूबीच र सानो सहरमा धेरै पत्रपत्रिका तथा अनलाइन संस्करण र रेडियोहरूका बीच यसले १५ औ बसन्तहरु पार गरेर अघि बढ्नु महत्वपूर्ण र सामाजिक योगदानमा प्रभावपूर्ण रहेको अनुभूति हुन्छ।

मकवानपुरमा विभिन्न साहित्यिक संघ संस्थाहरु छन् र तिनले आफ्ना कार्यक्रमहरु आयोजना गर्ने गर्दछन्। यसलाई नजिकबाट पर्गेल्ने प्रयत्न भएका सबै पत्रपत्रिका, रेडियो तथा अनलाइन संस्करणहरूले गर्न सकेको अनुभूति हुँदैन। कसैको त साहित्यसँग गोरु जोतेको साइनो पनि छैन झैँ सम्बन्ध छ। तर समृद्ध समाज राष्ट्रिय दैनिक र साथमा अन्य केही पत्रिकाको यसमा फरक भूमिका रहेको छ। सृजनात्मक क्षेत्रमा सक्रिय नवसर्जकदेखि वृद्धवृद्धासम्मका रचनालाई अटाएर हप्ताको दुईवटा बारमा महत्वपूर्ण स्थान प्रदान गर्ने काम यो समाचारपत्रले गरेको छ। हुन त आजको समयमा मानिस हतारमा छन् र पत्रकारितालाई पनि हतारको साहित्य भनिने गरेको छ। तर अन्य पत्रकारिताका विषयका साथसाथै साहित्यलाई छुट्टै स्थान स्थापना गरेर यसमा संलग्न व्यक्तिहरुसँग न्यायोचित सम्बन्ध बनाएर समाज विकासको क्रममा योगदान पुऱ्याउने काम 'समृद्ध समाज राष्ट्रिय दैनिक'ले गरेको छ।

पत्रिकाहरुले व्यावसायिकता पनि सँगसँगै सोच्नु जरुरी छ। तर व्यावसायिकताले मात्र यिनीहरुको आत्मा जीवित हुन्छ भन्ने लाग्दैन। समाचारपत्रहरु कति सामाजिक भए, तिनले सामाजिक न्यायको निम्ति कति उत्तरदायित्व निर्वाह गर्न सके र समाजलाई मार्गनिर्देश गर्न कति भूमिका निर्वाह गर्न सके भन्ने कुराले बढी अर्थ राख्छ। आजको समयमा नकारात्मकता हावी भएको हामी जुनसुकै क्षेत्रमा देख्ने गर्छौं। तर त्यसले समाजलाई सही दिशामा डोऱ्याउँदैन। हिजोका कमिकमजोरी औँल्याउँदै भोलि कसरी अगाडि बढ्ने भन्ने कुरा सुझावका रुपमा प्रस्तुत गर्न सक्ने पक्षले मात्र सही मार्गनिर्देशन गर्दछ। भएन, भइरहेको छैन, हुनेवाला पनि छैन भन्ने रेडिमेड सोचको सिकार धेरै क्षेत्र भएको पाइन्छ। यसले छोटो समय मानिसको ध्यान त तान्ला तर समयलाई उचित निष्कर्षतिर डोऱ्याउँदैन। मैले देखेको चिनेको 'समृद्ध समाज' ले यस्तो भूमिका निर्वाह गरेको छैन। बरु कुनै सम्भावित क्षमतालाई प्रकट गर्न र अघि बढ्न सधैँ प्रेरणा दिएको पाएको छु।

मकवानपुरमा नयाँ पुस्तालाई समेट्ने 'नवसर्जक साहित्य चौतारी' देखि बुढ्यौली पुस्ताका आवाज बोल्ने 'बुढ्यौली साहित्य समाज' सम्मका संस्थाहरु सक्रिय छन्। विधागत लेखनीलाई अघि बढाउने उद्देश्यले गजल र मुक्तकका कार्यक्रम मात्र सञ्चालन गर्ने गरी 'गजल मञ्च मकवानपुर', 'लघुकथा चौतारी' र 'मुक्तक मञ्च' समेत रहेका छन्। तत्कालीन पञ्चायती व्यवस्थामा रहेका समस्याहरू चिर्दै बहुदलीय प्रजातन्त्र स्थापनाका निम्ति संघर्षरत सर्जकहरुले स्थापना गरेको 'साहित्य संगम मकवानपुर', मकवानपुरको पूर्वी भेगमा क्रियाशील सर्जकहरूको संस्था 'झरना साहित्यिक परिवार', पश्चिमी भेगमा क्रियाशील 'पालुङ साहित्य परिषद्', मकवानपुरको साहित्य संगीत र संस्कृतिमा अग्लो धरहराको रुपमा स्थापित भीम बिरागलाई सम्झिने 'भीम बिराग संगीत साहित्य कला प्रतिष्ठान', समग्र नारीहरुको एक मात्र संस्था 'आँचल साहित्य कला पुञ्ज', राष्ट्रका विभिन्न भेगमा रहनुभएका साहित्यकारहरूको योगदानलाई कदर गरेर पुरस्कार तथा सम्मानहरु प्रदान गर्ने 'मातृभूमि साहित्य समाज' आआफ्नो हिसाबले सक्रिय छन्। यिनका गतिविधिलाई पत्रिका प्रकाशनको सुरुवातीदेखि नै उत्तिकै महत्वका साथ प्रकाशन र प्रसारण गर्ने 'समृद्ध समाज' समग्र साहित्यिक सर्जकहरुको मनको कुनामा प्रिय बनेर रहेको अनुभूति हुन्छ।

सबैले आफ्नो यत्नमा सवलीकरण गर्ने प्रयत्न गर्नु ऊ थप असल र सफल हुने संकेत हो। समृद्ध समाज यही यात्रामा रहेको मैले महसुस गर्छु। सही प्रयत्नको स्थापना, त्यसको निरन्तरताले भोलिको सही गन्तव्य निर्धारण गर्दछ। यही यात्रामा रहेको समृद्ध समाजलाई १५औं वार्षिकोत्सवको अवसरमा मेरो आफ्नो तर्फबाट हार्दिक शुभकामना।

*(खनाल विचारको उल्टो नदी र सपनाका अवयव दुई कविता कृतिका सर्जक र श्री आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयका विज्ञान विषयका शिक्षक हुनुहुन्छ। )*

# जिन्दगीको कडी



**युसिन वे**

एकादेशमा एउटा गाउँ थियो, जहाँ दुई मिल्ने साथीहरू राम र श्याम बस्थे। राम र श्याम छुट्टीको समयमा सँगै खेल्थे र रमाउँथे। राम आफ्ना आमाबुबासँग बस्थ्यो भने श्यामको आमा-बुबा चाँडै बितेकाले ऊ आफ्नो काकासँग बस्दै आएको थियो।

एक दिन, खेल्दै गर्दा रामले सोध्यो, "श्याम, तँ किन स्कूल आउँदैनस् ?"

श्यामले केही सोचेर भन्यो, "म त अर्को ठाउँमा पढ्छु नि !" तर यो कुरा भने उसले गलत बोलिरहेको थियो। रामले उसलाई विश्वास गरेर थप प्रश्न गरेन।

समय बित्दै गयो। एकदिन रामलाई विद्यालयमा एउटा प्रश्न नआएर अड्चनमा पऱ्यो। सोधैं भने श्यामले थाहा पाउँछ कि भनेर ऊ श्यामको घर पुग्यो। तर घर बाहिरैबाट रामले श्याम र उसका काकाबीचको संवाद सुनेर छक्क पऱ्यो।

श्यामले काकालाई भन्दै थियो, "काका, म पनि विद्यालय जान चाहन्छु, सबै साथीहरु स्कूल जान्छन्। म किन जान नपाउने ?"

काकाले गम्भीर स्वरमा भने, "पढेर के नै हुन्छ र बाबु ? पढेर केही हुँदैन, घरमा काम गरेर बस्, यही तेरो भलो हो।"

श्यामको रिस आगो भएको थियो। ऊ बाहिर निस्कँदा रामले देख्यो र आँखा झिम्कायो। श्यामले उसलाई भन्यो, "राम, यो कुरा कसैलाई नभन है ! म स्कूल जान सक्दिनँ भन्ने कुरा।"

रामले उसको कुराको इज्जत राख्न त चाहन्थ्यो, तर घर पुगेर आमाबुबालाई बताइदियो। रामको आमाबुबा पनि यो कुरा सुनेर छक्क परे। त्यसपछि रामका आमाबुबाले श्यामको भविष्यका लागि केही गर्ने विचार गरे।

अर्को दिन, रामका आमा र बुबा श्यामको घर गए। श्यामका काकासँग भेटेर रामको बुबाले भने, "सानो बाबुलाई विद्यालय पठाउनु भएको छैन हो र ?"

श्यामका काकाले भने, "मैले पठाएको छैन, के काम छ र पैसाको खर्च मात्र गरेर के गर्नु ?"

रामकी आमाले मुस्कानसहित जवाफ दिइन्, "पढाइको महत्व धेरै छ नि दाइ ! बच्चाहरूले पढेपछि उनीहरुको भविष्य उज्ज्वल हुन्छ। काम खोज्न सजिलो, व्यापार गर्न सजिलो। आजका बालबालिका भोलिका भविष्य हुन्।"

श्यामका काका केहीबेर चुप लागे र सोचमा परे। अन्ततः उनी राजी भए र श्यामलाई विद्यालय पठाउने निर्णय गरे। श्यामले यो कुरा सुनेर निकै खुसी भयो र खुसीले रामलाई अँगालो हालेर भन्यो, "धन्यवाद, राम ! तँ नभएको भए म कहिल्यै स्कूल जान पाउने थिइनँ।"

*कक्षा ९, नवोदय शिशु सदन*

## गाउँखाने कथा

**१. चारजनाको घर हो यो पौष्टिक तत्वको खानी, दश भाइ मिली खोस्छन् तानी–तानी ।**
- **दूध दुहेको**

**२. पहिरन नमिलेको लामो–लामो धोती, त्यो धोतीलाई चिन्न सके फल्छ हिरामोती ।**
- **नदी/खोलो**

**३. उडी–उडी हिँड्नेलाई सकिँदैन देख्न, समाउन छुन अनि सकिन्न है छेक्न ।**
- **हावा**

**४. आकाशमा जन्मी धर्तीमा आई, यताउति डुलेर मायाप्रिती लाइ ।**
- **पानी परेको ।**

**५. छ वटा खुट्टा भएको एउटा गाइने कीरो, पिठ्यूँभरि सामान बोकी कराउँदै हिँड्यो के हो ।**
- **ट्याक्टर**

## चित्रकला






**दिपासना थापा**
**कक्षा-११, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट**
**हेटौंडा-४**






**सुयोग श्रेष्ठ**
**कक्षा-४, ब्रम्हदिक् एकेडेमी**
**हेटौंडा-४**



**सृष्टि श्रेष्ठ**
**युकेजी, लिटिल बडी प्रिस्कूल**
**हेटौंडा-४**

# म अर्थात् विद्यार्थी



**सिएम रिमाल**

म एक विद्यार्थी हुँ। यो केवल परिचय मात्र होइन, यो मेरो अस्तित्वको अंश हो। मेरो सम्पूर्ण जीवनले धानिरहेको जिम्मेवारी हो। मसँग अथाहा सपनाहरु छन्। जीवनमा केही बन्ने चाहना छ मेरो तर यो यात्रा सधैँ सरल र सहज भएको छैन। प्रत्येक पाइलामा चुनौतीहरू आएका छन्। बाधाहरू उत्पन्न भएका छन्। कहिलेकाहीँ मेरो आत्मविश्वास टुट्छ तर फेरि म आफ्नो साहसलाई जुटाएर अघि बढ्छु।

विद्यालय जाने बिहानहरु, किताबहरू बीच हराउनुपर्ने घन्टाहरू र परीक्षाको तनावरहित हुने प्रयास यी सबै म एउटा कथा जस्तै महसुस गर्छु। जसमा म एक पात्र हुँ जसको उद्देश्य केवल नम्बर र ग्रेड मात्र होइन। जिन्दगीको ठोस आधार निर्माण गर्नु पनि हो। यो आधार तयार गर्दा मैले बुझेँ कि अध्ययन भनेको केवल किताब पल्टाउने काम मात्र होइन रहेछ। यो मेरो सोचलाई विस्तार गर्ने, नयाँ दृष्टिकोण प्राप्त गर्ने र आफूलाई राम्रोसँग चिन्न सिक्ने अवसर पनि रहेछ।

मलाई याद छ, कक्षा १० को सुरूवातको समय कति डराएको थिएँ म। नयाँ विषयहरू, कठिन परीक्षा, प्रतिस्पर्धी वातावरण, नयाँ शिक्षकहरु यी सबैले मलाई डराए। परीक्षाको परिणामले त मनमा त्रास पैदा गराउँथ्यो तर त्यो त्रास मात्र बाधा थिएन। कहिलेकाहीँ मसँग रातभरि पढ्ने हिम्मत हुँदैनथ्यो। थकान र निराशा आउँथ्यो। अनि म प्रश्न गर्थें, के म सक्षम छु ? के मैले आफ्नो लक्ष्य प्राप्त गर्न सक्छु ? मैले जीवनमा केही गर्न नसक्ने नै हो त ?

तर यस त्राससँगै मैले एउटा कुरा सिकेँ। सङ्घर्ष नै जीवनको अर्को नाम तथा कडी हो। मैले बुझेँ कि यो निराशाको समय स्थायी छैन। प्रयास गर्न छोड्नुभएन। पुनः उठ्न सिकेँ। जसरी रातपछि बिहान आउँछ त्यस्तै मेरो जीवनमा पनि प्रत्येक असफलतापछि एउटा नयाँ अवसर आइरहेको थियो।

बिस्तारै बिस्तारै मैले बुझेँ कि शिक्षा भनेको केवल नम्बर या प्रमाणपत्र मात्र होइन रहेछ। यो त मेरो जीवनलाई रूपान्तरण गर्ने एउटा साधन बनेको छ। शिक्षाले मलाई बाह्य दुनियाँसँग परिचित गराउँछ तर त्यो भन्दा महत्वपूर्ण शिक्षाले मलाई आफैँलाई चिन्न मद्दत गरिरहेको छ। यसले मेरो मनलाई उजागर गर्दैछ। यसले मेरो सोचलाई नयाँ पथमा लैजाँदैछ।

केवल किताबमा रहेका पाठहरू मात्र होइन। मेरा शिक्षकहरूका शब्दहरूले पनि मलाई सिकाइरहेका छन्। उनीहरुको प्रेरणा, अनुभव र मार्गदर्शनले मेरो हरेक गल्तीलाई एक सिकाइको रुपमा बदलिदिएको छ। मैले बुझेँ कि शिक्षा भनेको केवल रटान मात्र होइन, यो त मनको सुसंस्कृति पनि हो।

विद्यार्थी जीवनमा साथीहरूको महत्व पनि कम छैन। उनीहरु मेरो सहयात्री हुन्, जसले मेरो हरेक सफलतामा रमाउँछन् र हरेक असफलतामा मलाई सम्हाल्छन्। हामीसँगै पढ्छौँ। सँगै हाँस्छौँ। अनि कहिलेकाहीँ सँगै बस्छौँ दुखी हुँदा पनि। साथीहरूसँग बिताएका हरेक पल मेरा लागि अमूल्य छन्। उनीहरु बिना यो यात्रा एकदम नीरस हुन्छ।

मलाई याद छ, हाम्रा गफगाफ तिनै अनगिन्ती बहस र उन्मुक्त हाँसो। जब परीक्षाको समय आउँछ, सबैजना गम्भीर भएर पढ्न थाल्छौँ। एकअर्कालाई सहयोग गर्छौं र सँगै आत्तिन्छौँ पनि। ती पलहरुले विद्यार्थी जीवनको सौन्दर्यलाई अझ गहिराइमा पुऱ्याउँछन्।

मेरो मनमा सपनाहरूको एउटा विशाल संसार छ। म केही ठूलो बन्न चाहन्छु। म आफ्नै पहिचान बनाउन चाहन्छु। मेरा परिवार, मेरा साथीहरू र मेरो समाजका लागि केही योगदान दिन चाहन्छु। यी सपनाहरूलाई मैले कहिले पनि आफूलाई बोझको रूपमा लिइनँ। म ती सपनाहरूलाई मेरो प्रेरणाको स्रोत मान्छु। जब म थाक्छु, यी सपनाहरूले नै मलाई अघि बढ्नका लागि हिम्मत दिन्छन्।

विद्यार्थी जीवनको यो यात्रा सजिलो छैन तर म जान्दछु, यी सङ्घर्षहरु, पीडाहरू र असफलताहरूले मलाई अझ बलियो बनाउँदैछन्। ती सपनाहरू, जुन म साँचिरहेको छु, ती कुनै न कुनै दिन पूरा हुनेछन्। त्यस दिनको कल्पना गर्दा म मेरो हरेक थकान बिर्सन्छु र अझ बलियो भएर अध्ययनमा जुट्छु।

मलाई थाहा छ, म एकदिन यो विद्यार्थी जीवनलाई विदाई दिनेछु। यो यात्रा समाप्त हुने दिन पनि आउँनेछ तर म विश्वास गर्छु कि यो यात्रा केवल पढाइका लागि मात्र होइन, यो मेरो चरित्रलाई विकास गर्ने, मेरो आत्मबललाई मजबुत बनाउने र मेरो सोचलाई परिष्कृत गर्ने अवसर पनि हो।

यस यात्राले मलाई आत्म(विश्वास सिकाएको छ, मिहिनेतको महत्व बुझाएको छ र सहनशीलता र सहअस्तित्वको पाठ पढाएको छ। म यस यात्राबाट बिदा हुने दिन मेरा आँखामा केवल सम्झनाहरु मात्र हुनेछन्। ती हरेक सङघर्षहरु, हरेक असफलताहरु, हरेक सन्देशहरु ती सबै मेरा सम्पत्ति हुनेछन्।

यो यात्रा सधैँ मलाई स्मरण गराउनेछ कि म केवल एक विद्यार्थी मात्र होइन। म एक यात्रु हुँ, जसले जिन्दगीलाई गहिरो अर्थमा बुझेको छ, जसले आफ्नो अस्तित्वको हरेक पाटोलाई अनुभूति गरेको छ। *हेटौंडा*

# समृद्ध समाज राष्ट्रिय दैनिकसँग मेरा 'अनुभव र 'अपेक्षा



**संप्रस पौडेल**
**मनहरी-५, मकवानपुर**

समृद्ध समाज राष्ट्रिय दैनिकको सुरूवातदेखि नै मेरा विभिन्न लेख, रचनाले प्राथमिकता पाइरहेकै छ। तथापि सुरूवाती लेखरचना मध्ये समृद्ध समाजमा २०६८ सालमा रुपचन्द्र विष्टबारे छापिएको लेख अलि बढी सम्भिmन्छु । मेरा हास्यव्यङ्ग्य लेखन प्रयासमा सबैभन्दा बढी आलेखहरू छापिएको सञ्चार माध्यम नै समृद्ध समाज राष्ट्रिय दैनिक हो ।

लेखनको सुरूवातीदेखि नै हास्यव्यङ्ग्य लेखनमा अलि बढी प्रेम भयो । यस समाचारपत्रमै पनि विगतमा हास्यव्यङ्ग्य लेखन र प्रकाशनकै क्रममा एकछिन ल स्तम्भको लगभग ३२ शृङ्खला प्रकाशन भए । हास्यव्यङ्ग्य लेखनकै क्रममा यही विषयका महत्वका चाडहरू गाईजात्रा, लुते सङ्क्रान्ती (साउने सङ्क्रान्ति), भ्यालेन्टाइन डेसम्मले अनेकन व्यङ्ग्य सिर्जना गराए । कसलाई मात्रै उडाइएन ? शिक्षक, ठेकेदार, माइक्रोसफ्टका मालिक विल गेट्सदेखि, नवधनाढ्यको कुकुरप्रेमसम्म अनि राजनीतिकर्मीदेखि पत्रकारसम्मलाई बाँकी राखिएन । समाचारपत्रले उक्साएको लेखनको सिकाइ र प्रयोग आफूप्रति पनि व्यङ्ग्य जारी राखेकै छु ।

त्यसो त शिक्षा, साहित्य, अध्यात्म, राजनीति तथा दर्शन, विविध विचारलाई पत्रिकाले सदैव महत्वपूर्ण स्थान दिइरहेको छ । प्रिन्ट मिडियामाथि टिक्नेसम्मको चुनौति थपिँदै गएको विश्वव्यापी अवस्थालाई हेर्दा यस समाचार पत्रको भविष्य मिति अहिल्यै आँकलन गर्न नसक्ने अर्थात् अझै वर्षौंसम्म टिक्न सक्ने धरातल बनिसकेको महसुस गर्दछु ।

शिक्षालाई विशेष स्थान दिएको यस दैनिक पत्रिकाले साहित्यलाई समेत सँगसँगै लिएर हिँडिरहेको छ । विशेषतः विद्यालय तहमा अध्ययनरत नवसर्जकहरुका रचना प्रकाशन गराएर नेपाली साहित्य लेखनमा ऊर्जा दिने काम यस समाचार पत्रले विगतदेखि गर्दै आइरहेको छ । पठन संस्कृति अनि पुस्तकालय अभियानलाई जोड मात्रै नभई सम्पादक सुरेश श्रेष्ठ पठनसँगै लेखनमा जोड गर्दै, आम मानिसमा सूचनाको महत्व बुझाउन लागीपर्नु भएको छ भने पत्रकारिताका कर्मीहरु उत्पादनमा उल्लेख्य भूमिका खेल्दै आइरहनु भएको हामीले प्रत्यक्षतः देखेका र महसुस गरेका छौं नै ।

समृद्ध समाज राष्ट्रिय दैनिकको १५ वर्षको यो यात्रादेखि यसले विद्यालय तहदेखि नै पत्रकारिताको कार्यशालामा विशेष जोड गरोस् । पत्रिकाबारे गुनासो पनि राखौं न त भनेर सोँच्दा सोँच्दा केही नभेटेपछि यति लेख्न मन लाग्यो । यो अवसरमा म्यागाजिन आकारमा पत्रिकाको विशेष अङ्क प्रकाशन हुन सके जाति हुन्थ्यो । भइरहेका सुन्दर कर्महरूको निरन्तरताको कामना । लगन र मिहिनेतले परिपक्व बनिसकेको समाचारपत्र अनि सिङ्गो परिवारलाई हार्दिक बधाई तथा

# साताको राशिफल

**पं. ज्यो. तोयानाथ सुवेदी**
**सम्पर्क : ९७४५०२८५५५**



**मेष राशि**: समय मध्यमकारक रहेको देखिन्छ । उत्साह र उमङ्गको कमी हुने समय छैन । महत्वकांक्षा र अदम्य उत्साह बढ्ने समय छ । धार्मिक एवम् सामाजिक काममा सरिक भइने छ । व्यापार–व्यवसाय मध्यमकारक छ । वैदेशिक प्रयोजनका कामहरु ठिकै रहनेछन् । अध्ययन–अध्यापन परिश्रमले उपलब्धी बन्ला ।

**वृष राशि**: धनको मामिलामा उदासीन नबन्दा राम्रो रहन्छ । योजनाले नै काममा गन्तव्य स्थानमा पुगिएला । व्यापार–व्यवसायमा दौडधूप बढ्ला । बाध्यात्मक काममा सञ्चित धनको व्यय होला । बहुमूल्य गरगहना हराउन सक्छ । आलस्य, डर, चिन्ताले जरो गाड्ला । पढाइ–लेखाइ ठिकै रहने समय छ ।

**मिथुन राशि**: राज्यपक्षको काममा सफलता मिल्ने समय योग छ । शिक्षादीक्षा र ज्ञानगुनका क्षेत्रका काममा प्रतिष्ठामा वृद्धि हुनेछ । अभिभावक वर्गको शुभशिर्वाद प्राप्त होला । धार्मिक एवम् सामाजिक काममा सरिक भइने छ । बाँकी/बक्यौता रकम प्राप्त होला । वैदेशिक योग ठिकै रहने छ । मांगलिक कार्यमा सरिक भइनेछ ।

**कर्कट राशि**: आत्ममूल्यांकन गर्न अनुकूल समय छ । ठूलाको आशीर्वादले काममा पूर्णता प्राप्त होला । हाँके ताकेका कामहरु पूर्ण होलान् । व्यापार–व्यवसाय ठिकै छ । कर्मक्षेत्रमा अझैं मिहिनेत गर्नुपर्ला । कारोबारबाट राम्रो लाभ प्राप्त होला । पुरस्कार र प्रतिष्ठा पनि प्राप्त होला । स्वास्थ्यस्थिति कमजोर रहने समय छ ।

**सिंह राशि**: आडम्बर र अहंकार त्याग गर्दा राम्रो । कार्यक्षेत्र र बन्दव्यापारबाट लाभ प्राप्त हुने समय योग रहेको छ । आत्मविश्वास र शिघ्र निर्णय गर्ने क्षमतामा वृद्धि हुने समय छ । मिहिनेत र लगनशीलताले गन्तव्यमा पुगिएला । धार्मिक एवम् सामाजिक अनि परोपकारमा सरिक भइएला ।

**कन्या राशि**: समय ठिकै रहला । शारीरिक रुपमा अस्वस्थता बढ्न सक्ला । परिश्रमले लाभमूलक क्षेत्रको पहिचान बढ्ला । वैदेशिक कामबाट धनार्जन होला । पारिवारीक वातावरण सामान्य रहला । मन अशान्त हुने छ । विद्या प्राप्तिका लागि नयाँ ज्ञान प्राप्त हुनेछ तर हडबड्ले आघात पुग्ला ।

**तुला राशि**: रोमाञ्चकता बढ्ला । विगतका रमाइला पलहरुको याद आउला । मन भावुक र संवेदनशील बन्न सक्छ । मनमा जिज्ञासा उत्पन्न होला । नियमित कामधन्दाले दिकदारी बढ्ला । आर्थिक व्यय हुने समय छ । प्रियजनसँगको भेटले मन प्रफुल्ल होला । पढाइ–लेखाइ मध्यमकारक छ ।

**वृश्चिक राशि**: आर्थिक जगेर्ना गर्न उचित समय छ । प्रयासले दिगो कामको थालनी होला । अधिकार र प्रतिष्ठा बढ्नेछ । घमण्ड र अहंकारलाई त्याग गर्दा राम्रो रहनेछ । तर्क र बहसमा विजय प्राप्त होला । प्रतिद्धन्द्धीहरुसँग सजगता अपनाउँदा राम्रो । धार्मिक एवम् सामाजिक काममा सरिक भइनेछ ।

**धनु राशि**: सेवामूलक कामबाट लाभ प्राप्त हुनेछ । बौद्धिक क्षेत्र, चिन्तन–मनन र दार्शनिक विषयमा सक्रियता बढ्ला । मन भावुकतामा परिणत होला । तामिल र ज्ञान विषयमा सरिक भइनेछ । धार्मिक एवम् सामाजिक काममा सरिक भइने छ । पढाइ–लेखाइ ठिकै छ । प्रेम जीवन ठिकै रहने समय छ ।

**मकर राशि**: आवेगलाई नियन्त्रण नगर्दा मन खिन्न होला । व्यापार–व्यवसायमा नयाँ गति होला । घरायसी काममा मन रमाउला । भोगवृत्तिले मन विचलित बनाउला । ठूलाको हेरचाहमा मन रमाउला । अध्ययन र अध्यापन ठिकै छ । यात्रा योगमा सरिक भइने छ । सामाजिक कामबाट आघात ।

**कुम्भ राशि**: मित्रशक्ति प्राप्त हुने समय छ । पारमार्थिक काममा धन व्यय र लगानी गर्नुपर्ला । काममा सामान्य चुनौतिहरु आइपर्लान् । परीक्षा र प्रतियोगिताका कामबाट लाभ मिल्ला । धार्मिक र सामाजिक काममा सरिक भइने छ । सहयोगीले सहयोग गर्लान् । यात्रा योगमा सरिक भइने समय छ ।

**मीन राशि**: बोलीको प्रभाव बढ्ला । कार्यक्षेत्र र व्यवसायमा गरेको लगानीले लाभ प्राप्त होला । रमाइलो र यात्रा योगमा सरिक भइने समय छ । नेटवर्किङको कामले अलमल्याउला । आय भएपनि खर्च पनि होला । परोपकारजन्य काममा सरिक भइएला । अध्ययन–अध्यापन ठिकै रहनेछ ।

# कुमारी आमा



**जस्मिना प्रधान**

कुमालेको चक्र घुमेझैं
जीवन पनि कहिले उकालो
कहिले ओरालो
उसका साना औंलाले मेरा हात समात्दा
भूलिन्छन् ती प्रश्नहरू
"कसरी सक्छे,
एक्ली आमाले बालक हुर्काउन ?"

उसको मुस्कानमा
सम्झिन्छु
यो मेरो निर्णय थियो, मेरो सत्य
समाजले नपुगेका उत्तरहरूका बीच
मेरो मनमा थियो एउटा अडान

कहिले त लाग्छ,
मेरो निर्णय गलत थियो कि?
तर जब उसको न्यानो आलिङ्गनले
मलाई आफ्नै संसार दिन्छ,
भन्छु आफैँलाई,
"म मात्र आमा होइन, एक योद्धा पनि हुँ।"


भनौं,
तपाईंले किन मेरो
शुद्धता मापन गर्न खोज्नुहुन्छ ?
मेरा हाँसो, मेरा आँसु, मेरा सपनाहरू
केवल म र मेरो सन्तानको हो
उसले संसार हेरोस्
प्यारको आँखाबाट
र सम्झियोस्
उसकी आमा
सङ्घर्षले भरिएको खुसी हुन्


कुमालेको चक्र घुमेझैं
फेरि(फेरि घुमेर आउँछन् भन्छन्,
आज हाम्रो पालो पनि आयो,
बन्यौं हामी आमा
उसले संसारमा पाइला टेक्नुअघि
महसुस गरिसकेका थियौं
उसका हलचलहरू
आतुर थिए यी हातहरू
उसका लरखराएका
पाइला सम्हाल्न

ऊ जन्मिएको दिन
हामी आमा बनेको त्यो क्षण
खुसीका आँसु थामिन सकिरहेका थिएनन्
थाकेका थिएनन् यी तन(मनहरू
सोध्छन्- "यो तिम्रो बच्चा हो ?"
अनि थप्छन्- "तिमी विवाहित हौ र ?"

जब उसको तोते बोलीले ममी भन्छ,
अचम्म मान्दै भन्छन्- "तिमी त कुमारी ममी !"


*हेटौँडा-१०*












## बुधबारे बालसाहित्य



यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

**सम्पादक ।**

# निबन्ध लेखन प्रतियोगितामा सचिन प्रथम

समाज संवाददाता

हेटौँडाः समृद्ध समाज राष्ट्रिय दैनिकको १५ औं वार्षिकोत्सवको अवसरमा आयोजित निबन्ध लेखन प्रतियोगितामा हेटौँडा-१० स्थित सोलिड्यारिटी इन्टरनेशनल एकेडेमीको कक्षा-१० का विद्यार्थी सचिन कुमार यादव प्रथम हुनुभएको छ ।

शुक्रबार हेटौँडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसको सभाकक्षमा भएको प्रतियोगितामा हेटौँडा-५ स्थित सिद्धार्थ शिशु सदनमा कक्षा-१० का अग्रिम खड्का, दोस्रो, हेटौँडा-४ स्थित नवोदय शिशु सदनमा कक्षा-१० की ओशिका सुवेदी तृतीय हुँदा हेटौँडा-४ स्थित भुटनदेवी माविमा कक्षा ११ का



सिद्धार्थ फुयाँल सान्त्वना हुनुभएको छ ।

प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने विद्यार्थीले क्रमशः ३ हजार, २ हजार, १ हजार ५ सय र १ हजार रुपैयाँ नगदसहित प्रमाणपत्र प्राप्त गर्नेछ । पुरस्कृत विद्यार्थीलाई शनिबार हुने वार्षिकोत्सव समारोहमा पुरस्कार वितरण गरिने समृद्ध समाज राष्ट्रिय दैनिकका सम्पादक सुरेश श्रेष्ठले जानकारी दिनुभयो । 'सामाजिक चेतनाका लागि समाचारपत्र', शीर्षकमा भएको भएको प्रतियोगितामा २३ वटा विद्यालयका ४४ जना विद्यार्थी सहभागी थिए । निबन्ध प्रतियोगिता बागमती प्रदेश युवा परिषद् र इन्थर बेञ्जामिन स्मृति संस्थासँगको सहकार्यमा भएको हो । समृद्ध समाज राष्ट्रिय दैनिकको वार्षिकोत्सवको अवसरमा शनिबार छापा माध्यमसम्बन्धमा संवाद कार्यक्रमको पनि आयोजना गर्दैछ ।

# जेसीआई मकवानपुरगढी फाइनलमा

समाज संवाददाता

हेटौँडाः मकवानपुरगढी गाउँपालिको जेसीआई मकवानपुरगढी मकवानपुरको मनहरी गाउँपालिकामा जारी दोस्रो संस्करणको चैनपूर जेसीज कप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । शुक्रबार भएको सेमीफाइनल खेलमा एफसी नमोबुद्धलाई २-१ गोलअन्तरले हराउँदै मकवानपुरगढीले फाइनलको यात्रा पूरा गरेको हो ।

म्यान अफ द म्याच मकवानपुरगढीका कुलदीप कार्की घोषित भए । प्रतियोगिता अन्तर्गत मकवानपुरगढीले फाइनल खेलमा उपाधिका लागि एफसी परेली र मनहरी ५ बीचको विजेता टिमसँग प्रतिस्पर्धा






गर्नुपर्नेछ । दोस्रो सेमीफाइनल खेल आज शनिबार हुनेछ । प्रतियोगिताको उपाधि विजेता टिमले १ लाख ११ हजार रुपैयाँ १ सय ११ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले ५१ हजार १ सय ५१ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ ।


# काउलीको मूल्य घट्यो


समाज संवाददाता


हेटौँडाः हेटौँडाको थोक तरकारी बजारमा मधेश प्रदेशबाट काउली भित्रिएपछि मूल्य घटेको छ । बिहिबार १२० रुपैयाँ प्रतिकिलोमा बिक्रि भएको काउली शुक्रबार प्रतिकिलो ६० रुपैयाँमा बिक्री भएको छ । मधेश प्रदेशको काउली प्रतिकिलो ६० रुपैयाँमा बिक्री भएको व्यवसायी बद्रि घिमिरेले जानकारी दिनुभयो । यस्तै मकवानपुर जिल्लाकै काउली भने प्रतिकिलो ८० रुपैयाँमा बिक्री भएको व्यवसायी घिमिरेले जानकारी दिनुभयो । शुक्रबार रायोको साग मुठामा ५ रुपैयाँ घटेको छ । अन्य तरकारीको मूल्य पछि पछिल्लो समय खासै घटबढ भएको छैन । घिमिरेका अनुसार थोक बजारमा बन्दा ५०, मकै बोडी ५०, करेला १००, हरियो खुर्सानी १००, लौका ३५, भेन्टा ३०, मुला २५ र हरीयो धनियाँ ७० रुपैयाँ प्रतिकिलो बिक्री भइरहेको छ ।










समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ